नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाई, भक्तपुर
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

☎०१-५७०८१००
Email:pmamp.piu.bhaktapur@gmail.com
Website: piubhaktapur.pmamp.gov.np

सुर्यविनायक न.पा.-५, चुनदेवी

## सूचना नं.: ७

### दुध (गाई/भैसी) जोन – ललितपुर अन्तर्गत संचालन हुने

### कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०४/३० )

| क्र.सं | जोन | जोनको क्षेत्र (पालिकाको नाम, वडा आदि) |
|---|---|---|
| १ | दुध(गाई-भैंसी )जोन, ललितपुर | गोदावरी न.पा. वडा नं १,२,३,४,६,७,८,१०,११,१३ र १४ |

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको परियोजना कार्यान्वयन म्यानुअल, प्रचलित नियम कानुन र स्वीकृत नर्मसहरु अनुसार संचालन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई भक्तपुरको आ.व.२०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ललितपुर जिल्लामा संचालित दुध (गाई/भैसी )- जोन ((व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) क्षेत्रमा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित जोन क्षेत्रका सुचिकृत कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र निजी कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाई, भक्तपुर वा सम्बन्धित जोन प्राबिधिक एकाइ-ललितपुरमा मिति २०७९ भाद्र २८ गते सम्म (अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको भोलिपल्ट) ५०% प्रतिशत अनुदानमा संचालन हुने कार्यक्रमहरुका लागि प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। पुनश्च : हालसम्म सुचिकृत नभएका कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार संबन्धित जोनमा सूचिकृत भई कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | जम्मा वजेट (रु.लाखमा | यस कार्यालयवाट उपलब्ध हुन सक्ने अनुदान | कार्यक्रम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गोठ सुधार कार्यक्रम | संख्या | ६० | ३० | बढीमा ५० हजार प्रति आयोजना | दुध (गाई/भैसी ) जोन- ललितपुर | -कम्तिमा ५ वटा माउ गाई/भैंसी पालेको हुनु पर्ने -कार्यक्रम अन्तर्गत गोठका साथै मलखाद व्यवस्थापनको लागि अनिवार्य रुपमा भर्मी पिट निर्माण गरि संचालन गर्नु पर्ने |
| २ | वर्षे घाँस- टिओसेन्टी घाँस बीउ खरिद, ढुवानी र वितरण | के. जी. | २००० | ३ | टिओसेन्टी घाँस बीउ खरिद खरिदमा स्वीकृत दररेटको ५०% प्रतिशत अनुदान | दुध (गाई/भैसी ) जोन- ललितपुर | प्रति कृषक कम्तिमा २ रोपनी घाँस खेतीको लागि जग्गा उपलब्ध हुनु पर्ने |
| ३ | हिउँदे घाँस- जै घाँसको बीउ खरिद, ढुवानी र वितरण | के. जी. | ५००० | ५ | हिउँदे घाँस- जै घाँसको बीउ खरिदमा स्वीकृत दररेटको ५०% प्रतिशत अनुदान | दुध (गाई/भैसी ) जोन- ललितपुर | प्रति कृषक कम्तिमा २ रोपनी घाँस खेतीको लागि जग्गा उपलब्ध हुनु पर्ने |
| ४ | बहुवर्षीय घाँसको बीउ/बेर्ना | पटक | १ | २ | बहुवर्षीय घाँसको बीउ बेर्ना/खरिदमा | दुध (गाई/भैसी ) जोन- ललितपुर | प्रति कृषक कम्तिमा २ रोपनी घाँस |

टीकाराम शर्मा
वरिष्ठ कृषि अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वितरण | | | | स्वीकृत दररेटको ५०% प्रतिशत अनुदान | | खेतीको लागि जग्गा उपलब्ध हुनु पर्ने |
| ५ | पशु नश्ल स्रोत केन्द्रको लागि उन्नत राँगो खरिद, ढुवानी र वितरण | संख्या | ५ | ३.७५ | पशु नश्ल स्रोत केन्द्रको लागि उन्नत राँगो खरिद, ढुवानी र वितरणमा प्रति राँगो बढीमा ५० प्रतिशत अनुदान | दुध (गाई/भैंसी ) जोन- ललितपुर | पशु नश्ल स्रोत केन्द्रको लागि कार्य गरेको हुनु पर्ने । |
| ६ | मिल्क एनालाईजर ५० प्रतिशत लागत समाझेदारीमा वितरण | संख्या | ५ | ३ | मिल्क एनालाईजर ५० प्रतिशत लागत समाझेदारीमा बढीमा प्रति आयोजना ६० हजार अनुदान | दुध (गाई/भैंसी ) जोन- ललितपुर | दुधको बजारीकरणमा संलग्न भएको हुनु पर्ने |
| ७ | डिप फ्रिज खरिद ५० प्रतिशत लागत साझेदारीमा | संख्या | ५ | ३ | डिप फ्रिज खरिद ५० प्रतिशत लागत समाझेदारीमा बढीमा प्रति आयोजना ६० हजार अनुदान | दुध (गाई/भैंसी ) जोन- ललितपुर | दुधको बजारीकरणमा संलग्न भएको हुनु पर्ने |
| ८ | गाई/भैंसीका लागि तातोपानी सोलार ५०० लिटर, ५० प्रतिशत साझेदारीमा | संख्या | १० | ७ | गाई/भैंसीका लागि तातोपानी सोलार ५०० लिटर क्षमताको ५० प्रतिशत लागत साझेदारीमा प्रति आयोजना बढीमा ७० हजार अनुदान | दुध (गाई/भैंसी ) जोन- ललितपुर | कम्तिमा १० दुहुना गाईभैंसी पालेको हुनु पर्ने |

<u>आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु</u>

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन ।

२. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।

३. समुह सहकारीको हकमा जोनमा आवद्दता सम्वन्धि संस्थाको बैठकको निर्णयको प्रतिलिपी।

४. सम्वन्धित गाँउ पालिका, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको जोनमा आवद्धताका लागि सिफारिश पत्र ।

५. सहकारी सस्था/फर्महरुको अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

६. कर तिर्नुपर्ने संस्थाले अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

७. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।

८. आवेदन दिने संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको र संलग्न कृषकहरुको जग्गाको लालपूर्जाको प्रतिलिपी । यदि जग्गा भाडामा लिएको हो भने कम्तिमा ५ वर्षको सम्झौता पत्र पेश गर्नुपर्नेछ । साथै पूर्वाधार निर्माणको हकमा कम्तीमा २० वर्षको सम्झौता अवधि हुनुपर्नेछ ।

पुनश्चः आवेदक जोनसँग सम्बन्धित वालीको उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यमा व्यवसायिक रुपमा संलग्न रहेको हुनुपर्नेछ । आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात र प्रक्रिया नपुगेको खण्डमा ति कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/उद्यमी (फर्म) हरुलाई जोनमा आवद्धता दिनका लागि परियोजना कार्यान्वयन एकाई बाध्य हुने छैन ।

नोटः

- गत आ.व.मा संबन्धित जोनमा सूचिकृत भइ सकेका कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)हरुले सूचिकृत हुनको लागि आवेदन पेश गर्नुपर्ने छैन । तर गत आ.व.मा तोकिएको ढाँचामा विवरण पेश नगरेका संस्थाहरुले अध्यावधिक विवरण पेश गर्नुपर्नेछ ।
- साथै गत आ.ब. कार्यक्रम संचालन गर्दा सहभागी नभएका व्यवसायिक संस्थाहरुलाई प्राथमिक्ता दिईने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन एकाई

टीकाराम शर्मा
वरिष्ठ कृषि अधिकृत

- गत आ.ब.को कार्यक्रममा अनुदान प्राप्त संस्थाहरुलाई सोहि कार्यक्रममा दोहरिने गरि कार्यक्रमको आवेदन लिइने छैन। साथै समुह/सहकारीको हकमा गत आ.ब.को कार्यक्रममा अनुदान पाएका सदस्यहरु नदोहरिने र नपाएका सदस्यहरुले पाउने सुनिश्चितताको लागि लाभग्राहीको नाम सहितको बैठकको निर्णय र अघिल्लो आ.ब.का लाभग्राहीहरुको भरपाई निवेदनका साथ अनिवार्य संलग्न गर्नु पर्ने छ।
- निवेदकले समान प्रकृतिको कामका लागि आफ्नै समूहको स्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि माग गरेको वा प्राप्त गरेको भए स्पष्ट रुपमा परियोजना कार्यान्वयन इकाईलाई जानकारी गराउनु पर्नेछ। समान प्रकृतिको कामका लागि एउटै आ.व. मा अन्य कुनै निकायबाट अनुदान लिन पाइने छैन। यदि बदनियत पूर्ण रुपमा अन्य कुनै निकायबाट समान प्रकृतिको कामका लागि एउटै आ.व.मा अनुदान लिएको पाइएमा प्रचलित कानुन बमोजिम कार्वाही र सरकारी बाँकि सरह असुल उपर गरेमा कुनै उजुर बाजुर गर्ने छैन भनि स्व-घोषणा गर्नु पर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
भक्तपुर

**आवेदन पेश गर्ने कार्यालय:**

**जोन प्राबिधिक एकाइ-ललितपुर,**
गोदावरी न.पा.-१२, ठेचो, ललितपुर
सम्पर्क नंबर : ०१-५५७०२७३
सूचना अधिकारी : ९८५११४२१३१

टीकाराम शर्मा
वरिष्ठ कृषि अधिकृत